१८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ००६ ॥ २०८२ माघ २२ गते बिहिबार (5th Feb 2026 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

# झापाको गाउँगाउँमा सेना, ८ सय सेना परिचालन

झापा, माघ २१ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन बुधवारदेखि झापासहित देशभरि सेना परिचालन भएको छ । झापामा ८ सय फौज परिचालन भएको हो । २१ नं बाहिनी तोपगाछी र अरिदमन गण चारआलीबाट गरी करिव ८ सय सेना खटिएको प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले बताए ।

निर्वाचन सुरक्षाका लागि झापामा झन्डै ९ हजार सुरक्षाकर्मी परिचालन गरिने उनले जानकारी दिए । अरिदमन गण चारआलीबाट ६ सय र २१ नं बाहिनी तोपगाछीबाट २०० सेना परिचालन भएको हो । जिल्लाभरिका सबै मतदान स्थल र मतदान केन्द्रलाई लक्षित गरी १८ वटा बेस र ४ वटा कम्पनी अपरेटिङ बेस बनाएर सेना परिचालन भएको जनाइएको छ ।



आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वस्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण बनाउन नेपाल सरकारले दिएको निर्देशन वमोजिम गृह मन्त्रालयबाट प्रेषित "एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२" अनुरुप बुधवारदेखि कोशी प्रदेशका १४ वटै जिल्लाहरुमा नेपाली सेनाका फौजहरु परिचालन भएको पूर्वी पृतना इटहरीले जनाएको छ ।

एकीकृत निर्वाचन सुरक्षा योजनामा नेपाली सेनालाई प्रदान गरिएका जिम्मेवारीहरु अन्य सुरक्षा निकायसंगको समेत सहकार्यमा कोशी प्रदेशभरि नै नागरिक प्रशासनलाई सहयोग पुऱ्याउने, संबेदनशील क्षेत्र तथा महत्वपूर्ण पूर्वाधारहरुको सुरक्षा, निर्वाचन अवधिभर उत्पन्न हुन सक्ने आपतकालिन अवस्थामा शिघ्र प्रतिकृया दिई मतदाताको निर्वाध आवागमनमा सुनिश्चितता गर्नुका साथै निर्वाचन सामग्रीहरुको सुरक्षा र सम्भावित जोखिम न्यूनीकरण गर्ने उद्धेश्य लिएको जनाइएको छ ।

पृतनाका अनुसार निर्वाचनको एक महिना अगाडीदेखि सुरक्षा प्रबन्धलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने योजना अनुरुप नेपाली सेनाले फिल्डमा खटिई सुरक्षा व्यवस्थालाई थप मजबुत बनाउन सबै जिल्लाहरुमा "अस्थाई बेस" खडा गरि सैनिक गस्ती र आवश्यकता अनुसार संयुक्त गस्तीलाई प्रभावकारी रुपमा संचालन गर्नेछ । त्यसैगरी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालसंगको समन्वय र सहकार्यमा विमानस्थल, कारागार लगायत महत्वपूर्ण संरचनाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले गर्नेछ । निर्वाचनको दौरान शान्ति सु-व्यवस्था कायम राख्न सर्वसाधारणमा सबै सुरक्षा निकायहरुलाई सहयोग गर्न अनुरोधसमेत गरेको छ । सेनाले निर्वाचनका लागि ८० हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको छ ।

(बाँकी फोटो पृष्ठ ३ मा)

# काठ चोरी गर्दैगर्दा शिवसताक्षीका योङहाङ पक्राउ



झापा, माघ २१ । अवैध रुपमा गोलिया काठ चोरी गरी लैजादै गरेको अबस्थामा झापाको शिवसताक्षीमा एकजना पक्राउ परेका छन् । मंगलवार राति ९:५० बजे शिवसताक्षी १० रतुवामाई बृक्षरोपण आयोजना कम्पाट नम्बर १ माईधारमा अवैध रुपमा गोलिया काठ चोरी गरी लैजादै गरेको अवस्थामा शिवसताक्षी ७ ब्याङडाँडा बस्ने ३२ वर्षीय प्रकाश योङहाङ पक्राउ परेका हुन् ।

रतुवामाई वृक्षरोपण वन आयोजनाका केर्खाका कर्मचारी र अस्थाई प्रहरी पोष्ट माईधारबाट खटिएको प्रहरी टोलीले टिक जातको गोलिया काठ ६ वटा टुना (अन्दाजी १५ क्यू.वि.) अबैध रुपमा २ वटा साइकलमा लोड गर्दै गरेको अवस्थामा पक्राउ गरिएको हो । योङहाङलाई गोलिया काठ र २ वटा साइकलसहित नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि रतुवामाई बृक्षरोपण आयोजना केर्खाका रेन्जर राजेन्द्र साहको जिम्मा बुझाइएको प्रहरीले जनाएको छ ।

# कांग्रेसको निर्वाचन परिचालन समिति संयोजकमा शिवाकोटी

बिर्तामोड, माघ २१ । नेपाली कांग्रेस झापाले पार्टीका केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटीको संयोजकत्वमा निर्वाचन परिचालन, अनुगमन तथा मूल्याङ्कन समिति र पार्टीका कार्यबाहक सभापति शेरबहादुर भट्टराईको संयोजकत्वमा जिल्लास्तरीय निर्वाचन प्रचार-प्रसार समिति गठन गरेको छ । नेपाली कांग्रेस झापाका कार्यबाहक सभापति शेरबहादुर भट्टराईको सभापतित्वमा बुधवार सम्पन्न पदाधिकारीको बैठकले समिति गठन गरेको हो । निर्वाचन परिचालन, अनुगमन तथा मूल्याङ्कन समितिमा पार्टीका केन्द्रीय, पूर्व केन्द्रीय सदस्य, कोशी प्रदेश समितिका पदाधिकारी, सदस्य, सांसद-पूर्व सांसद, जिल्ला कार्यसमितिका पदाधिकारी, पार्टीका पूर्व पदाधिकारीहरु सदस्य रहने छन् । यसैगरी कार्यबाहक सभापति भट्टराईको संयोजकत्वमा गठित जिल्लास्तरीय निर्वाचन प्रचारप्रसार समितिमा पार्टीका केन्द्रीय, पूर्व केन्द्रीय सदस्य, कोशी प्रदेश समितिका पदाधिकारी, सदस्य, सांसद-पूर्व सांसद, जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्य, पार्टीका पूर्व पदाधिकारी, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, क्षेत्रीय, प्रदेशसभा क्षेत्रीय समितिका पदाधिकारी सदस्य, भ्रातृ तथा शुभेच्छुक संस्थाका केन्द्रीय/कोशी प्रदेश पदाधिकारी/सदस्यहरु र जिल्ला कार्यसमितिका अध्यक्षहरु सदस्य रहनेछन् । यसैगरी गाउँ/नगर समितिका पदाधिकारी, वडा सभापतिहरु सदस्य रहनेछन् ।




यसैबीच नेपाली कांग्रेसमा आबद्ध भ्रातृ तथा शुभेच्छुक संस्थाका प्रतिनिधिहरुले पार्टीका उम्मेद्वारलाई विजयी गराउन आ-आफ्नो क्षेत्रबाट निर्वाचन प्रचार-प्रसारलाई तीब्र बनाउने प्रतिबद्धता जनाएका छन् । नेपाली कांग्रेस झापाको संयोजनमा सम्पन्न भ्रातृ तथा शुभेच्छुक संघ संस्थाका केन्द्रीय पदाधिकारी/सदस्य एवं जिल्ला पदाधिकारीहरुको भेलाका सहभागीहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

भ्रातृ तथा शुभेच्छुक संघ संस्थाका केन्द्रीय पदाधिकारी/सदस्य एवं जिल्ला पदाधिकारीहरुको भेलालाई सम्बोधन गर्दै नेपाली कांग्रेस झापाका कार्यबाहक सभापति शेरबहादुर भट्टराईले नेपाली कांग्रेसले आफूलाई समयानुकूल परिवर्तन गरेर निर्वाचनमा होमिएको बताउँदै नीति, नेतृत्वसँगै अधिकांश नयाँ अनुहारलाई उम्मेद्वार बनाएको जानकारी गराए । सामाजिक सञ्जाल लगायतका भ्रामक प्रचारको भ्रममा नपर्न र संगठनबाट विचलित नभई इमान्दार रुपमा निर्वाचन परिचालनमा खटिन सम्पूर्ण कार्यकर्तालाई आह्वान गरे । नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाईले सहजीकरण गरेको कार्यक्रममा दिपक तामाङ, उर्मिला पोखरेल ढकाल, यज्ञप्रताप अधिकारी, टिका सिटौला मैनाली, ज्ञानेन्द्र निरौला, रतन थिङलावो, दिलकुमार नेम्बाङ, लक्ष्मीप्रसाद शिवाकोटी, गिरिराज भट्टराई, राजेन्द्र गौतम, टेकनाथ उप्रेती, विरबहादुर दर्नाल, गोकुल पौडेल, मनोज धिताल, लक्ष्मीप्रसाद दाहाल, राजकुमार ठाकुर, राजेन्द्रप्रसाद ओली, कुमार सिलवाललगायतले आ-आफ्ना प्रतिबद्धता राखेका थिए । भेलामा नेपाली कांग्रेस झापा सचिव नवीन विमली र सहसचिव कमलप्रसाद भण्डारीले सहभागीहरुले दिएका सुझाव टिपोट गरेका थिए ।

नेपाली कांग्रेसका तर्फबाट झापा क्षेत्र नं-१ मा केशवराज पाण्डे, २ मा सरिता प्रसाई, ३ मा राजेन्द्रकुमार घिमिरे, ४ मा देउकुमार थेवे, ५ मा मन्धरा चिमरिया पौडेल प्रत्यक्षतर्फ उम्मेद्वार छन् । यसैगरी समानुपातिकतर्फ सुशिला ढकाल आचार्य, गोमाकुमारी भट्टराई, उमा शिवाकोटी, राधा कार्की, सत्यनारायण चौधरी, मनुमाया विश्वकर्मा र रिना उप्रेती समानुपातिक उम्मेद्वार छन् ।

# दमकमा टिपरको ठक्करबाट दुईजनाको मृत्यु

झापा, माघ २१ । झापाको दमकमा टिपरको ठक्करबाट दुईजनाको मृत्यु भएको छ । बुधवार दिउँसो ३:३० बजे दमक १ बरगाछीस्थित भित्री सडकखण्डमा दमकबाट रामचोकतर्फ जाँदै गरेको मे १ ख २८८४ न. को टिपर र दुर्गा मन्दिरबाट पेल्टीमारीतर्फ जाँदै गरेको प्र.१-०१-०१८ प ८३०३ न.को मोटरसाइकल एक आपसमा ठक्कर खाएका थिए । दुर्घटनामा मोटरसाइकलमा रहेका इलाम चुलाचुली गाउँपालिका ४ बस्ने २२ वर्षीय प्रवेश राई र सोही ठाउँ बस्ने १९ वर्षीय जनम राई घाइते भएका थिए ।



दुवैजनालाई उपचारको लागि दमक अस्पताल दमकमा पठाइएकोमा उपचारको क्रममा दुवैजना घाइतेको मृत्यु भएको हो । टिपर चालक उदयपुर त्रियुगा ९ रातमाटे बस्ने ३२ वर्षीय हिबराज राय, टिपर र मोटरसाइकल नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय दमकमा राखिएको प्रहरीले जनाएको छ ।

झापामा सवारी दुर्घटनाबाट मानवीय क्षति हुने क्रम निकै बढेको छ । माघ महिनाको २१ दिनभित्र सवारी दुर्घटनामा परी १६ जनाले ज्यान गुमाएका छन् ।

माघ १ गते एकैदिन तीनजनाले ज्यान गुमाएका थिए भने त्यसयता प्राय दिनहुँ दुर्घटनामा मृत्यु हुने गरेको छ ।

# पूर्वी नेपाल बालेनमय बन्यो

झापा, माघ २१ । पूर्वी नेपाल यतिबेला बालेनमय बनेको छ । मनोनयन दर्ताका बेला दमकमा हजारौं समर्थक आकर्षित गरेर हंगामा मच्चाएका झापा ५ मा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका बालेन्द्र शाह(बालेन) सोमवारदेखि मतदाता भेटघाटमा छन् । उनी जता जान्छन् , त्यतै सयौं समर्थकहरु झुम्मिन्छन् । उनलाई माया गर्ने , सम्मान गर्ने अनि फोटो खिचाउनेहरुको भीड देख्दा आश्चर्य नै लाग्छ । मंगलवार आफू उठेको झापा ५ का मतदाताहरुसंग भेटघाट गरिसकेपछि उनी अन्य जिल्लातर्फ गएका छन् ।



रास्वपाका वरिष्ठ नेता तथा काठमाडौंका पूवमेयर बालेन अहिले पूर्वी नेपालको दौडाहामा व्यस्त देखिएका छन्। मोरङ, सुनसरी र उदयपुर समेटेर आयोजना गरिएको एकदिने दौडाहामा बालेनले बुधबार स्थानीय तहका कार्यकर्ता, समर्थक र उम्मेदवारसँग प्रत्यक्ष भेटघाट गर्दै आफ्नो राजनीतिक सन्देशलाई मौन तर सशक्त रूपमा प्रवाहित गरेका छन्। मोरङको उर्लाबारीबाट बुधबार बिहान सुरु भएको दौडाहा पथरीशनिश्चरे, लेटाङ, रंगेली हुँदै विराटनगरसम्म पुगेको थियो। रंगेलीबाट विराटनगर प्रवेश गरेका बालेन पार्टी कार्यकर्ता र समर्थकसँग गाडीबाट हात हल्लाउँदै र घण्टी बजाउँदै सुनसरीतर्फ अघि बढे। विराटनगरमा लामो समय नरहेका उनी सुनसरी हुँदै उदयपुर पुगे। उर्लाबारीमा आयोजित भेटघाट कार्यक्रममा बालेनले सुशासन, पारदर्शिता र नागरिक सहभागितालाई विकासको आधारका रूपमा अघि राखेका थिए। उनले राज्य संयन्त्रभित्र व्याप्त बेथिति, अनावश्यक खर्च र जवाफदेहिताको अभावप्रति कडा टिप्पणी गर्दै नागरिक स्वयं सचेत नभएसम्म वास्तविक परिवर्तन सम्भव नहुने धारणा व्यक्त गरे। उनका अनुसार स्थानीय तह बलियो बने मात्र संघीय संरचनाको औचित्य पुष्टि हुन्छ। टहरीमा आयोजित स्वागत समारोहमा भने अप्रत्याशित दृश्य देखियो। आफ्नै पार्टीका उम्मेदवार लालविक्रम थापाले बालेनलाई माला लगाइदिने प्रयास गर्दा बालेनले त्यसलाई हातले हुत्याए। थापा रास्वपाबाट सुनसरी-२ का उम्मेदवार हुन्। यो घटनाले उपस्थित कार्यकर्ता र नेताहरूलाई चकित बनायो र स्थानीय राजनीतिक वृत्तमा चर्चा बटुल्यो। बालेनको दौडाहा पार्टी संगठन सुदृढीकरण, मतदातासँग प्रत्यक्ष सम्बन्ध विस्तार, स्थानीय राजनीतिक अवस्था मूल्यांकन र आगामी निर्वाचनको तयारीमा केन्द्रित छ। उनी प्रायः मौन रहन्छन्। तर, उनको व्यवहारिक र नागरिक केन्द्रित दृष्टिकोणले परम्परागत राजनीतिमा नयाँ बहस सुरु गरेको छ। विशेषगरी बुधबार बालेन 'खुवालुङ' पुगेका थिए। त्यही खुवालुङलाई विकासको लागि बाधक बनेको भन्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ सालमा फुटाउने अभिव्यक्ति दिएका थिए। तर, विरोध सुरु भएपछि खुवालुङ फुटाइएन। बालेनले खुवालुङलाई किराँती र नेपाली समुदायको पवित्र स्थल र सभ्यताको प्रतीकको रूपमा प्रस्तुत गर्दै सांस्कृतिक-आध्यात्मिक मूल्यलाई जोड दिए। राजनीतिक विश्लेषकहरूले यसलाई बालेनको 'सांस्कृतिक प्रहार' र पूर्वी नेपालको भावनात्मक मनोविज्ञान बुझ्ने रणनीति रूपमा व्याख्या गरेका छन्। उनको दौडाहा धार्मिक र सांस्कृतिक तीर्थस्थलहरूमा समेत केन्द्रित छ। ताप्लेजुङको पाथीभरा मन्दिरदेखि तेह्रथुमका स्थानीय मन्दिर, झापाको दुर्गा मन्दिर र सुनसरीको बराहक्षेत्रसम्म पुग्दा बालेनले आफूलाई 'आधुनिक तर आध्यात्मिक' नेताका रूपमा प्रस्तुत गर्दै आएका छन्। राजनीतिक विश्लेषक गिरिश भट्टराईका अनुसार यो बालेनको 'सेन्टिमेन्टल मार्केटिङ' हो, जसले युवासँगै परिपक्व मतदातालाई पनि आकर्षित गर्ने रणनीति हो।

रास्वपाका नेता गणेश कार्कीका अनुसार बालेन मुलुकभरका १६५ वटै निर्वाचन क्षेत्रमा पुग्ने बाध्यता र छोटो उपस्थितिका कारण द्रुत गतिमा दौडिएका छन्। उनको संक्षिप्त उपस्थितिले पनि मतदातामा कौतूहल र उत्साह उत्पन्न गरेको छ। झापा-५ मा ओलीको वाकपटुता र बालेनको सांकेतिक शैलीबीच रोचक द्वन्द्व बनेको छ। आगामी निर्वाचनमा झापा-५ मा ओली र बालेन प्रतिस्पर्धामा उत्रिएपछि सर्वत्र चासो बढेको छ।

बालेनको चुनावी शैली भाषणमा केन्द्रित छैन। उपत्यकाबाहिर पुगेर मतदातासँग प्रत्यक्ष जोडिनुले रास्वपाका उम्मेदवारहरूको आत्मविश्वास बढाएको छ। राजनीतिशास्त्री प्राध्यापक बालकृष्ण पोखरेलका अनुसार बालेनले सेल्फी र भेटघाटमार्फत नयाँ पुस्तालाई राजनीतिमा आकर्षित गरिरहेका छन्। यसअघि पूर्वी नेपालको दौडाहापछि बालेन माघ १० गते काठमाडौं फर्किएका थिए। सोमबार साँझ झापा झरेका उनी फेरि मतदाता र कार्यकर्तासँग प्रत्यक्ष संवादका लागि पूर्वी नेपाल भ्रमणमा जुटेका छन्। यसअघि मधेश प्रदेशको राजधानी जनकपुरबाट यात्रा सुरु गरेर इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुम, संखुवासभा, धनकुटासम्म पुगेका उनले 'धेरै नबोल्ने तर धेरै भेट्ने' रणनीति अपनाएका छन्। बालेनको मौन, तर सन्देशमूलक राजनीतिक शैली, धार्मिक-सांस्कृतिक स्थलको भ्रमण, र प्रत्यक्ष भेटघाटले पूर्वी नेपालको चुनावी वातावरणमा उत्साह र राजनीतिक चर्चा उत्पन्न गरेको छ। आगामी फागुन २१ गते हुने निर्वाचनले बालेनको यो 'साइलेन्स' र सांकेतिक रणनीतिको प्रभाव देखाउने निश्चित छ।

# आगलागीबाट चारवटा पसल जलेर नष्ट

झापा, माघ २१ । कन्काई नगरपालिका १ स्थित जुकेखाडी चोकमा भएको आगलागीबाट चारवटा पसल जलेर नष्ट भएको छ । बुधवार दिउँसो ३.१५ बजे ग्यास सिलिन्डर लिक भएर भएको आगलागीबाट बन्दना धमला, रुपा सुब्बा , अजय राई र चन्द्रमणि खतिवडाको पसलमा क्षति पुगेको हो । आगलागीबाट तीनवटा पसल पूर्णरुपमा जलेर नष्ट भएको छ भने एउटामा आंशिक क्षति पुगेको छ ।



आगलागीबाट करिव साढे लाख बराबरको क्षति भएको जनाइएको छ । बिर्तामोड नगरपालिका , शिवसताक्षी नगरपालिकाको दमकल ,प्रहरी र स्थानीयको सहयोगमा करिव ४ बजेतिर आगो नियन्त्रणमा आएको थियो ।

# सञ्चारमाध्यमको सामग्रीप्रति कांग्रेसको आपत्ति

झापा । नेपाली कांग्रेसका नेताहरूले झापा-५ को निर्वाचनलाई लिएर केही सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत बाहिर आएका सामग्रीप्रति गम्भीर आपत्ति जनाएका छन् । उनीहरुले निष्पक्ष पत्रकारितामाथि प्रश्नसमेत उठाएका छन्। फेसबुकलगायत सामाजिक सञ्जालमा फैलाइएका झुटा, तथ्यहीन र भ्रामक प्रचारले नागरिकको सही सूचना पाउने अधिकार हनन भएको उनीहरूको दाबी छ।

कांग्रेस झापा-५ निर्वाचन क्षेत्रको चुनाव प्रचार-प्रसार अन्तर्गतको सूचना सञ्जाल समन्वय समितिको आयोजनामा बुधवार बिहान दमकमा आयोजित पत्रकारसंगको अन्तरक्रियामा नेताहरूले पत्रकारिताका आधारभूत मूल्य-मान्यता, सिद्धान्त र निर्वाचन आचारसंहिताविपरीत सामग्री प्रकाशित-प्रसारित भइरहेको उल्लेख गरे।

कांग्रेसबाट झापा-५ की प्रत्यासी उम्मेदवार मन्धरा चिमरिया पौडेलको उपस्थितिमा सम्पन्न कार्यक्रममा नेताहरूले विघटित संसदको सबैभन्दा ठूलो दल कांग्रेस भएको र अघिल्लो निर्वाचनमा पनि झापा-५ मा निकटतम प्रतिस्पर्धी दलको हैसियत बनाएको स्मरण गराए। तर, केही सञ्चारमाध्यमले दल र उम्मेदवारको मर्यादाविपरीत सामग्री प्रस्तुत गर्दै चौथो-पाँचौं स्थानमा रहेका दलका उम्मेदवारलाई प्राथमिकतामा राखेर पत्रकारिताको मर्ममाथि प्रहार गरेको उनीहरूको आरोप थियो।

कांग्रेस केन्द्रीय सदस्य सुरेश सुब्बाले सर्लाही र झापाका विषयलाई जोडेर प्रविधिको दुरुपयोग गर्दै सामाजिक सञ्जालमार्फत फैलाइएका प्रचारमा कुनै सत्यता नरहेको बताए। यस किसिमका गतिविधिले सञ्चार जगतको विश्वसनीयतामाथि नै प्रश्नचिह्न खडा भएको उनको टिप्पणी थियो।

कसैको स्वार्थपूर्तिका लागि कल्पनाका आधारमा तयार गरिएका सूचना सामग्री सार्वजनिक गर्नु अघि सञ्चारकर्मी तथा सामग्री प्रवाहकर्ताले आफ्नो जिम्मेवारी र कर्तव्यको ख्याल गर्नुपर्ने सुब्बाको सुझाव छ। तालमेल, गठबन्धनलगायत विषयमा भ्रम फैलाएर आफ्नो स्वार्थ सिद्ध गर्न खोज्ने र कांग्रेसप्रति नकारात्मक धारणा निर्माण गर्न भूमिका खेल्ने तत्वहरूको पहिचान भइसकेको भन्दै उनले कानुनी उपचार खोजिने चेतावनी दिए।

कांग्रेस झापाका कार्यवाहक सभापति शेरबहादुर भट्टराईले झापा-५ को विषयमा देश-विदेशबाटै भ्रम फैलाउने प्रयास भइरहेको बताए। नागरिकहरू त्यसप्रति सचेत हुनुपर्ने उनको आग्रह छ। कांग्रेसभित्र उम्मेदवारीका विषयमा कुनै मतभेद नरहेको र पार्टी एकढिक्का भएर निर्वाचनमा होमिएको उल्लेख गर्दै उनले मतदाताबाट सकारात्मक परिणामको अपेक्षा गरिएको बताए।

कांग्रेस झापा-५ का सभापति ढुण्डीराज भण्डारीले यसपटक झापा-५ मा गुमेको कांग्रेसको विरासत फर्काउने दृढ संकल्पसहित नेता तथा कार्यकर्ता चुनावी अभियानमा जुटेको बताए। सबै किसिमका तथ्यहीन र भ्रामक प्रचारको पार्टीले एकताबद्ध रूपमा प्रतिवाद गरिरहेको उनको भनाइ छ।

विपक्षी दलहरू कांग्रेस निर्वाचन जितको नजिक पुगेको देखेपछि अत्तालिएर सामाजिक सञ्जालको दुरुपयोग गर्ने, मतदाताको गोपनीयता भंग गर्ने जस्ता गैरजिम्मेवार क्रियाकलापमा संलग्न भएको भण्डारीको आरोप छ।

सञ्चारमाध्यमले निष्पक्ष र स्वतन्त्र पत्रकारिताको अभ्यास गर्दै मूल्य-मान्यता र सिद्धान्तअनुसार सबै दल र उम्मेदवारप्रति समान व्यवहार गरे मात्र लोकतन्त्र सुदृढ हुने र नागरिकको सर्वोच्चता कायम रहने कांग्रेस नेताहरूको निष्कर्ष छ।

### भारतीय कारमा नेपाली नम्बर प्लेट प्रयोग गरी गाँजा ओसारपसार

झापा ।धनकुटा प्रहरीले नेपाली नम्बर प्लेट प्रयोग गरी गाँजा बोकेको भारतीय कार नियन्त्रणमा लिएको छ ।

कोशी राजमार्गमा पर्ने साँगुरीगढी गाउँपालिका-६ फेदीबाट धरानतर्फ जाँदै गरेको कार गाँजासहित नियन्त्रणमा लिइएको धनकुटाका प्रहरी उपरीक्षक सरतकुमार थापा क्षेत्रीले बताए । धनकुटाको मूलघाटबाट धरान जाँदै गरेको बा१०च ५६१५ नम्बरको कार ९० केजी गाँजासहित नियन्त्रणमा लिइएको हो । कार भारतीय रहेको र नेपाली नम्बर प्लेट प्रयोग गरिएको एसपी थापाले बताए । उक्त कार भारतीय बीआरडब्लू ११ एच४ ८७५ नम्बरको रहेको खुलेको छ । कारभित्र ४ वटा बोरामा प्याक गरिएको अवस्थामा ९० केजी गाँजा बरामद भएको थियो । कार अहिले मुलघाट प्रहरीको नियन्त्रणमा छ ।

कार छोडेर फरार भएका चालक र अर्का एक जनाको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# १० जिल्ला न्यायाधीशको सरुवा र पदस्थापना




काठमाडौँ । न्याय परिषद्ले १० जिल्ला न्यायाधीश र २० न्यायाधीशको पदस्थापना गरेको छ ।बुधबार बसेको न्याय परिषद्को बैठकले उक्त निर्णय गरेको हो । निर्वाचन आयोगले फागुन २१ को निर्वाचनका लागि आचारसंहिता जारी गरेको अवस्थामा परिषद्ले उक्त निर्णय गरेको हो ।

परिषद्ले काठमाडौं जिल्ला अदालतका चार न्यायाधीशको सरुवा गरेको छ । प्रकाशकुमार अधिकारी, मदनबहादुर धामी, बाबुराम सुवेदी र ढाकाराम पौडेललाई काठमाडौंबाट अन्यत्र सरुवा गरिएको छ ।

विमला रेग्मी, नारायण सापकोटा, प्रतिमाकुमारी पोखरेल भट्टराईलाई काठमाडौंमा सरुवा गरिएको छ । त्यस्तै, लोकसेवा आयोगको परीक्षाबाट पास भएका २० जिल्ला न्यायाधीशको पनि पदस्थापना गरेको छ । त्यस्तै, उपभोक्ता अदालतको अध्यक्षमा काठमाडौं जिल्ला अदालतका न्यायाधीश दिवाकर भट्टलाई तोक्न परामर्श दिने निर्णय गरेको छ । यसैगरी बिमा ऐनको दफा १४७ को कसुरसम्बन्धी मुद्दाको सुनुवाइका लागि ७७ वटै जिल्ला अदालतलाई तोक्ने निर्णय परिषद्ले गरेको छ ।

यसअघि न्याय परिषद्ले न्यायाधीश नियुक्ति लगायतका विषयमा निर्वाचन आयोगसँग सहमति मागेको थियो । आयोगले आचारसंहिता लागू भएकाले नियुक्ति गर्न नमिल्ने जवाफ दिएको थियो । तर बुधवार न्याय परिषद्ले सरुवा र पदस्थापना गरेको छ ।

न्याय परिषद्का प्रवक्ता रामप्रसाद भट्टराईले यो नियुक्ति नभई सरुवा र पदस्थापना भएकाले आयोगको पत्रले अवरोध नगर्ने बताए ।

# इन्डो नेपाल टी–२० च्याम्पियनसीपमा आसामको विजयी शुरुवात

भद्रपुर,माघ २१ । झापाको सदरमुकाम भद्रपुरमा पहिलोपटक अन्तर र्राष्ट्रियस्तरको कोशी पाथीभरा इण्डो नेपाल टी-२० क्रिकेट प्रतियोगिता बुधवारदेखि सुरु भएको छ ।

बुधवार भएको उद्घाटन खेलमा भारतको राइनोल्याण्ड क्रिकेट एकाडेमी आसामले विजयी शुरुवात गरेको छ । आसामले जीएचसीए काठमाडौँलाई ४२ रनले पराजित गरेको हो ।

भद्रपुर क्रिकेट क्लवको आयोजनामा भद्रपुर-८ स्थित मेची बहुमुखी क्याम्पसको क्रिकेट मैदानमा पहिलो ब्याटिङ गर्दै आसामले १८.१ ओभरमा अलआउट हुँदै ९६ रन बनायो । जवाफमा काठमाडौँ १६.२ ओभारमा ५४ रनमा अलआउट भएपछि आसामले महत्वपूर्ण ३ अंक जोडेको छ ।

आसामका तर्फबाट मोहमद हबिबुल्लाले सर्वाधिक १९ रन बनाए भने काठमाडौँका तर्फबाट रुपेश श्रीवास्तवले ४ ओभरमा १६ रन खर्चिएर ३ विकेट लिए । यसैगरी, काठमाडौँका तर्फबाट सर्वाधिक १४ रन बनाए भने आसामका तर्फबाट प्राञ्जल भरालीले ४ ओभरमा ९ रन खर्चिएर ३ विकेट लिए ।

प्रतियोगिताको एक समारोहका बीच कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले उद्घाटन गरे । भद्रपुर क्रिकेट क्लवका अध्यक्ष आदित्य पराजुलीको अध्यक्षतामा आयोजित उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि मुख्यमन्त्री कार्कीले खेलकुद क्षेत्रलाई अघि बढाउन कोशी प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै मेची क्याम्पसको क्रिकेट मैदानलाई थप विकसित गर्न कोशी प्रदेश सरकारले लगानी गर्ने बताए ।

संघका सचिव केदार महतले सञ्चालन र प्रतियोगिताका संयोजक तथा भद्रपुर नगरपालिका वडा नं ८ का वडाध्यक्ष गौरब सुब्बा 'मनोज'ले स्वागतसहित औचित्यमाथि प्रकाश पारेको समारोहमा विभिन्न झाँकीहरु पनि प्रस्तुत गरिएको थियो ।

प्रतियोगितामा नेपालका चार र भारतका चार गरी आठवटा टिमको सहभागिता रहेको छ । टिमलाई दुई समूहमा विभाजन गरिएको छ । अंकका आधारमा सेमिफाइनल खेल्ने टिमको टुंगो लाग्ने आयोजक भद्रपुर क्रिकेट क्लवका महासचिव वसन्त पोखरेलले जानकारी दिए । प्रतियोगिता माघ २९ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेता टिमले पाँच लाख नगदसहित शील्ड प्राप्त गर्नेछ भने उपविजेता टिमले नगद तीन लाखसहित शील्ड प्राप्त गर्ने पोखरेलले बताए।

अध्यक्ष पराजुलीले कोशी प्रदेश सरकारले घोषणा गरेको पर्यटन वर्षसमेतलाई जोडेर यो प्रतियोगिता आयोजना गरिएको बताए ।

प्रतियोगितामा नेपालका तर्फबाट आयोजक भद्रपुर क्रिकेट क्लव, काठमाडौं, सुदूरपश्चिम र गण्डकी तथा भारतका तर्फबाट दिल्ली, लखनउ, आसाम र सिक्किमको सहभागिता रहेको अध्यक्ष पराजुलीले जानकारी दिए ।

बिहीबार दुईवटा खेल हुनेछ । पहिलो खेलमा भारतको दिल्लीले बुधवारको विजेता आसामसँग प्रतिस्पर्धा गर्नेछ भने दोस्रो खेलमा आयोजक भद्रपुर क्रिकेट क्लवले जीएचसीए काठमाडौँको सामना गर्नेछ ।

# अब त्रिविको परीक्षा दिन काठमाडौं धाउन नपर्ने

काठमाडौं । अबदेखि त्रिभुवन विश्वविद्यालय(त्रिवि)को परीक्षा दिनको लागि परीक्षार्थीहरू काठमाडौं धाउनुपर्ने बाध्यता हटेको छ। त्रिविले तीन वर्षे स्नातक तहको तेस्रो वर्षको मौका परीक्षा काठमाडौंमा मात्र हुने भनेकोमा स्वतन्त्र विद्यार्थी युनियन विश्वविद्यालय क्याम्पस त्रिविको मागपछि त्रिवि क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय रहेको स्थानमा समेत हुने भएको हो।

त्रिभुवन विश्वविद्यालय र स्वतन्त्र विद्यार्थी युनियनबीच सम्झौता भएसँगै अब परीक्षार्थीहरूलाई परीक्षा दिनमा सहज हुने भएको छ।

त्रिवि परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८२ सालमा सञ्चालन हुने २०८१ सालको ३ वर्षे स्नातक तह तेस्रो वर्षको मौका परीक्षा अन्तर्गत मानविकी तथा सामाजिकशास्त्र सङ्काय (मौका तथा आंशिक), शिक्षाशास्त्र सङ्काय, व्यवस्थापन सङ्काय तथा विज्ञान तथा प्रविधि अध्ययन संस्थान तर्फका परीक्षार्थीहरूको मौका परीक्षा त्रिवि केन्द्रीय परीक्षा सञ्चालक समितिको निर्णय अनुसार २०८२ साल माघ १८ गतेदेखि काठमाडौंमा सञ्चालन गर्ने निर्णय गरेको थियो।

तर,विद्यार्थीहरूलाई काठमाडौंमा आउन दुःख र खर्च हुने भन्दै स्ववियु त्रिविले परीक्षा सञ्चालन प्रणाली नै विकेन्द्रीकरण गर्न माग गर्दै आन्दोलन थाल्यो।

उनीहरूले काठमाडौंमा मात्र नभइ प्रत्येक प्रदेशमा कम्तीमा एक मौका परीक्षा केन्द्र तोकिनुपर्ने,समयमै परीक्षा र नतिजाको सुनिश्चितता लगायत १० बुँदे माग राखेर माघ १२ गतेदेखि पनिका कार्यालय गेटमा धर्ना दिएका थिए।

यसअघि स्ववियु त्रिविले कम्तीमा एउटा प्रदेशमा एउटा परीक्षा केन्द्र राख्न माग गर्दै ज्ञापनपत्र त्रिविमा बुझाएको थियो। तर, स्ववियु त्रिविले पटक-पटक विज्ञप्ति मार्फत ध्यानाकर्षण गराउँदा पनि सम्बन्धित निकाय जिम्मेवार नबनेपछि धर्ना तथा दबाबमूलक कार्यक्रम आयोजना गर्यो। त्यसपछि त्रिवि र स्ववियुबीच गत सोमबार उक्त सहमति भएको हो। परीक्षा पनि सारिएको छ।

सहमतिपछि त्रिवि परीक्षा नियन्त्रण कार्यालयले सूचना जारी गर्दै माघ १८ गतेदेखि हुने भनिएको उक्त परीक्षा माघ २५ गतेदेखि हुने जानकारी दिएको छ।

जारी सूचनामा भनिएको छ,'मौका परीक्षा त्रिवि





केन्द्रीय परीक्षा सञ्चालक समितिको निर्णय बमोजिम यही माघ १८ गतेदेखि काठमाडौंमा हुने भनिएकोमा परीक्षार्थीहरूलाई पर्ने असुविधा तथा आर्थिक भारलाई मध्यनजर गर्दै पूर्ववत सूचना अनुसार हुने भनिएको परीक्षा क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय अन्तर्गत न्यूनतम एउटा परीक्षा केन्द्र रहने गरी २०८२ साल माघ २५ गतेदेखि सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।'

३ वर्षे स्नातक तह तेस्रो वर्षको मौका परीक्षा तालिकालाई संशोधन गरी माघ २५ गतेदेखि क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय कायम रहेको क्षेत्रमा सञ्चालन गरिने,तत्पश्चात हुने मौका परीक्षा समेत क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय कायम रहेको क्षेत्रमा सञ्चालन गरिने सहमति पत्रमा उल्लेख छ।

त्यस्तै,निष्पक्ष र विश्वसनीय परीक्षा संचालन गर्न सरोकारवाला सबैको जिम्मेवारी समेत भएकोले परीक्षा केन्द्र र परीक्षाका सम्बन्धमा मौजुदा कार्यविधि, भौगोलिक अवस्था, उपलब्ध परीक्षा केन्द्र र परीक्षार्थीको सहजताको आधारमा परीक्षा केन्द्र निर्धारण गरिने पनि सहमति भएको छ। स्ववियु त्रिविले यसलाई ठूलो उपलब्धि मानेको छ।

स्ववियु त्रिविका कोषाध्यक्ष सञ्जुमाया सुब्बा भन्छिन्,'त्रिविले ३ वर्षे स्नातक तहको तेस्रो वर्षको मौका परीक्षा काठमाडौंमा माघ १८ गतेबाट हुने भनि गरिएको निर्णयलाई संशोधन गर्दै अब क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय रहेका स्थानहरूमा माघको २५ बाट परीक्षा सञ्चालन हुने व्यवस्था गरिएको छ। यस विषयमा त्रिभुवन विश्वविद्यालय र स्वतन्त्र विद्यार्थी युनियनबीच सहमति/सम्झौता भएको छ।'

परीक्षा सञ्चालनसँगै त्रिवि र स्ववियु त्रिविबीच सेवाग्राहीले सेवा प्राप्त गर्नका लागि भुक्तानी गर्नुपर्ने शुल्कलाई अनलाईन प्रणाली क्युआर कोडमार्फत भुक्तानी गर्ने व्यवस्था मिलाइने र तत्काल बैङकिङ कार्यको लागि टोकनको व्यवस्था गराइने पनि सहमति भएको छ।

परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध हुने सेवाहरूलाई पूर्ण डिजिटल तथा प्रविधि मैत्री बनाइनेछ र परीक्षा नियन्त्रण कार्यालयका कागजातहरूलाई डिजिटलाइजेसन गरिने सहमति भएको छ।

'त्रिवि परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन हुने परीक्षालाई त्रिविबाट स्वीकृत एकेडेमिक क्यालेण्डरलाई पूर्णरूपमा कार्यान्वयन गर्न परीक्षा नियन्त्रण कार्यालय प्रतिवद्ध रहनेछ, केही प्राविधिक जटिलताको अवस्था बाहेक परीक्षाफल १०० दिन भित्रमा नै प्रकाशन गरिनेछ,'सहमतिपत्रमा उल्लेख छ।

अन्यमा हाल परीक्षा नियन्त्रण कार्यालयवाट उपलब्ध सेवाहरूलाई अझ प्रभावकारी बनाउन तथा सेवा प्रवाहको समय सीमाका सम्बन्धमा सात दिनभित्र स्वतन्त्र विद्यार्थी यूनियनको प्रतिनिधिसहितको कार्यदल गठन गरी उक्त कार्यदलको प्रतिवेदनलाई कार्यान्वयन गरिने पनि सहमति भएको छ। शोधपत्र मूल्याङ्कनको विषय सहज बनाउन डीन कार्यालयसँग समन्वय गरि ने,विद्यार्थीहरूका गुनासा व्यवस्थापनको लागि व्यवस्था गरिएको हेल्प डेस्कलाई प्रभावकारी एवं प्रविधिमैत्री बनाइने सहमति भएको छ।

'पुनःर्योगको नतिजा आवेदन खुलेको ३० दिन भित्रमा प्रकाशन गरिनेछ, पुनःर्योगको लागि लाग्ने शुल्कमा पुनरावलोकनका लागि केन्द्रीय परीक्षा सञ्चालक समितिमा सिफारिस गरिनेछ,परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध हुने सेवाहरूलाई चुस्त दुरूस्त बनाइनेछ, कार्यरत कर्मचारीहरूलाई सेवा प्रति थप उत्तरदायी बनाउन सेवा प्रवाह तथा कार्यसम्पादन सम्बन्धी तालिम उपलब्ध गराइनेछ,'सहमतिपत्रमा उल्लेख छ।

बार्ता टोलीका तर्फबाट वार्ता समिति संयोजक एंव पनिका सहपरीक्षा नियन्त्रक,डा. दावा शेर्पा,समिति सदस्य एवं सहपरीक्षा नियन्त्रक डा. कवि राज पौड्याल र समिति सदस्य एवं परीक्षा प्रशासन महाशाखाका प्रमुख भोला सिग्देलले हस्ताक्षर गरेका थिए।


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं ।

- हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ, त्यसैलेः
- सावधानीपूर्वक सवारीसाधन चलाऔं,
- सवारी चलाउनु पहिले सवारीको यान्त्रिक परीक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फग लाइट) बालेर मात्र सवारीसाधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा आवश्यकताअनुसार हर्नको प्रयोग गरौं,
- तीव्र गतिमा सवारीसाधन नचलाऔं,
- सवारीसाधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं,
- सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# चैतुवारीबाट ब्राउन सुगरसहित दुईजना पक्राउ

झापा, माघ २१ । झापाको बिर्तामोड २ चैतुवारीबाट लागूऔषध ब्राउन सुगरसहित दुईजना पक्राउ परेका छन् । बुधवार दिउँसो अन्दाजी ४;३० बजे लागूऔषध ब्युरो काँकडभिट्टा र इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको संयुक्त टोलीले बिर्तामोड ४ बस्ने बर्ष २६ का सुशिल वि.क र बिर्तामोड ३ बस्ने बर्ष ३३ का प्रकाश वि.कलाई ब्राउन सुगरसहित पक्राउ गरेको हो । चेकजाँच गर्दा उनीहरुको साथबाट



प्लास्टिकबाहेक ६ ग्राम ८३० मिलिग्राम ब्राउनसुर फेला परेको थियो ।

लागूऔषध , किप्याड मोवाईल २ थान, अगाडीपट्टि को २ ह ९६४४ र पछाडीपट्टि को २ ह १६४६ नम्बर लेखिएको अटोसहित उनीहरुलाई नियन्त्रणमा लिई इप्रका बिर्तामोडमा ल्याई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


प्रतिदिन १८औं वार्षिकोत्सव

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

बाबुराम कार्की, सचिव — पुरुषोत्तम अधिकारी, अध्यक्ष

चन्द्रगढी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

भद्रपुर -१० , झापा



प्रतिदिन १८औं वार्षिकोत्सव

हार्दिक बधाई तथा शुभकामना

झापाको बिर्तामोडबाट निरन्तर प्रकाशित भइरहेको नव संचार गृहद्वारा संचालित पूर्वकै लोकप्रिय संचारमाध्यम प्रतिदिन राष्ट्रिय दैनिक आजबाट १८ औं वर्षमा प्रवेश गरेको सुखद उपलक्ष्यमा बधाई दिँदै अझ बढी उन्नति र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सन्तोषकुमार खड्का, सचिव — जगतप्रसाद तिवारी, अध्यक्ष

दोस्रो चन्द्रगढी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति

भद्रपुर-९ , झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सेना निस्कियो

आगामी फागुन २१ गते चुनाव हुँदैन कि भनेर अझै शंका गर्ने ठाउँ छैन। किनकि अब एक महिना मात्र बाँकी छ। निर्वाचनको सुरक्षाका लागि नेपाली सेना निस्किसकेको छ। बुधवारदेखि सेना परिचालन भएको हो।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरण बनाउन एकीकृत सुरक्षा योजना २०८२ अनुरूप बुधवारदेखि नेपाली सेनाका संयोजनमा चारवटै सुरक्षा निकाय परिचालित भएको हो। निर्वाचनको समयमा शान्ति सुरक्षालाई सुदृढ तुल्याउन सरकार यसअघि नै प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना, २०८२ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। निर्वाचन आउन एक महिना मात्र बाँकी रहँदा सुरक्षा प्रबन्धलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने योजनाअनुरूप आगामी फागुन २१ गते हुने निर्वाचनलाई दृष्टिगत गरी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग एकीकृतरूमपा परिचालित भएका हुन्।

एकीकृत सुरक्षा योजनाबमोजिम निर्वाचन प्रयोजनका लागि भर्ना गरिएका 'निर्वाचन प्रहरी' पनि निर्वाचन सुरक्षामा खटिइनेछन्। नेपाल प्रहरी र निर्वाचन प्रहरीले मतदानस्थलको भित्री घेराको सुरक्षा गनेछन्। दोस्रो तहको सुरक्षा घेराको जिम्मेवारी सशस्त्र प्रहरी बलले लिनेछ। सो बलले नेपाली सेना र नेपाल प्रहरीसँग समन्वय गर्नेछ। नेपाली सेनाले भने सुरक्षा घेराको बाहिरी तहमा रही सुरक्षाको महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्ने छ। निर्वाचन प्रयोजनका लागि नेपाली सेना १६५ वटै निर्वाचन क्षेत्रमा बुधबारदेखि परिचालित भएको सेनाले जनाएको छ। राष्ट्रपति रामचन्द्र पौडेलले गत मंसिर ११ गते प्रधानमन्त्रीको सिफारिस तथा मन्त्रिपरिषद्को निर्णयानुसार निर्वाचन सुरक्षा व्यवस्थाका लागि नेपाली सेना परिचालन गर्ने स्वीकृति प्रदान गरेका थिए। निर्वाचन सुरक्षालाई केन्द्रित गरी आवश्यकताअनुसार सेनाको 'वेस' खडा हुने र आवश्यकताका आधारमा संयुक्त गस्ती हुने सेनाका प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले जानकारी दिए। सेनाले निर्वाचनका लागि ८० हजार जनशक्ति परिचालन गने तयारी गरेको छ।

एकीकृत सुरक्षा योजनाले मार्ग निर्देशन गरेअनुरूप निर्वाचनको एक महिना अघिबाट फिल्डमा सेना परिचालन भएको हो। निर्वाचनका सिलसिलामा सेनाले तीन चरणमा काम सुरक्षा प्रदान गर्नेछ। निर्वाचनपूर्वको मुख्य जिम्मेवारी मतपत्र छपाइ, मतपत्र ढुवानी, मतदानस्थलको सुरक्षा, मतपेटिका ढुवानी र मतगणनास्थको सुरक्षासम्मको जिम्मेवारी सेनाले सम्हाल्नेछ। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालसँगको समन्वय र सहकार्यमा विमानस्थल, कारागार लगायत महत्त् वपूर्ण संरचनाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले गर्नेछ। मतदानका समयमा निर्वाचनस्थल र केन्द्रमा खटिने क्रममा नेपाली सेना तेस्रो घेरामा रही राजनीतिक दल, उम्मेदवार, मतदाता र निर्वाचनमा खटिएका कर्मचारीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउनेछ। आसन्न निर्वाचनमा तीन हजार ४०६ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्।

Pratidin National Daily
प्रतिदिन
PRATIDIN NATIONAL DAILY



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# रोकथाम पहिलो प्राथमिकता



• डा. राजेन्द्रप्रसाद बराल

नेपालमा क्यान्सर रोग बढिरहेको छ। नसर्ने रोगमध्ये क्यान्सर एक प्रमुख रोग हो। क्यान्सर दिवसको दिन मात्र जनचेतनाका कार्यक्रम गर्ने चलन छ, जुन गलत हो। क्यान्सरसम्बन्धी जनचेतना सधैँभरि जगाउनु पर्छ। विश्व क्यान्सर दिवस प्रत्येक वर्ष फेब्रुअरी ४ मा मनाइन्छ। यो वर्षको विश्व क्यान्सर दिवसको नारा 'सबै मिलेर सहकार्य गरौँ' भन्ने रहेको छ। जनचेतनाका कार्यक्रम दिवसलाई लक्षित गरेर मात्र बनाइनु हुँदैन।

नेपालमा पहिले क्यान्सर पत्ता लगाउने प्रविधि थिएनन्। मानिसहरू स्वास्थ्यको पहुँचबाटै टाढै थिए। यसैले क्यान्सरबारे थाहा हुँदैन थियो। अहिले क्यान्सर उपचारमा धेरै प्रगति भइसकेको छ। क्यान्सरको उपचारका लागि बाहिर जानुपर्ने कुनै आवश्यकता छैन। नेपालमै क्यान्सरको सम्पूर्ण उपचार हुने गरेको छ। अपवादमा परीक्षण गर्नका लागि जाने बेग्लै हो तर अब सम्पूर्ण क्यान्सरको उपचार नेपालमै हुने गरेको छ। अहिले यो रोग उपचार गर्न प्रविधि बढेको छ। चिकित्सक बढेका छन्। मानिस पनि स्वास्थ्यप्रति सचेत हुँदै गएका छन्। सचेतनालले क्यान्सरको पहिचान गर्न सघाएको छ। यसबाट पनि क्यान्सर रोगीहरू बढिरहेका छन्।

मानिसले खानपिनमा अझै ध्यान दिएका छैनन्। जीवनशैली विकृत छ। जङ्कफुड (पत्रुखाना) खान्छौँ। फलफूल र तरकारीबाट पनि नेपालमा क्यान्सर बढिरहेको छ। यी विषयमा कसैले ध्यान दिएको पाइँदैन। तरकारी कहाँ उत्पादन भयो? कति विषादी प्रयोग भएको छ? उपभोक्तालाई केही पनि थाहा हुँदैन। त्यस्तै फलफूलमा पनि व्यापक मात्रामा विषादी प्रयोग भएको हुन्छ। नेपालमा क्यान्सर रोग बढ्नुको कारण तरकारी र फलफूलमा प्रयोग भएको विषादी पनि हो। उपभोक्ताले फलफूल र तरकारी उपभोग गर्दा चनाखो हुनु पर्छ। गाजर, मूला काँक्रो किन्दा बाङ्गो किन्नु पर्छ। साग किन्दा किरा लागेको किन्नु पर्छ। त्यहाँ विष हुँदैन।

विश्व स्वास्थ्य सङ्गठनले खानपानमा ध्यान दिने हो भने ६० प्रतिशत क्यान्सरबाट बच्न सकिन्छ भनेको छ। खानपान, जीवनशैली, नियमित व्यायाम र तौलको सन्तुलन राख्न सक्नु पर्छ। एक दिन व्यायाम गरेर सात दिन नगरी बस्नु हुँदैन। कति बिरामी चुरोट छोडेँ तर सुर्ती सेवन गर्न थालेँ भन्नुहुन्छ। यो बिल्कुलै गलत हो। चुरोट, सुर्ती एउटै हो भन्ने थाहा पाउनु पर्छ। कतिपय क्यान्सर वंशाणुगत हुने गर्छ।

जनसङ्ख्यामा आधारित क्यान्सर रोगीको तथ्याङ्क हमीकहाँ छैन। अस्पतालमा आधारित तथ्याङ्क मात्र छ। अहिले अस्पतामा आधारित तथ्याङ्क अनुसार फोक्सोको क्यान्सर पहिलो नम्बरमा छ। भक्तपुर क्यान्सर अस्पतालमा पाचन प्रणालीको क्यान्सर धेरै देखिएको छ। बिपी कोइराला क्यान्सर अस्पतालमा मुखको क्यान्सर भएका बिरामी धेरै छन्। महिलाको हकमा नेपाललगायत सार्क राष्ट्रमै पाठेघरको मुखको क्यान्सर पहिलो नम्बरमा छ। स्तन क्यान्सर दोस्रोमा थियो तर अहिले भारत र नेपालमा स्तन क्यान्सर पहिलो नम्बरमा छ। पाठेघरको मुखको क्यान्सरमा एचपिभी भ्याक्सिन लगाएर पनि रोकथाम गर्न सकिन्छ। स्तन क्यान्सर बढ्नुको कारणमा ढिलो विवाह, बच्चालाई स्तनपान नगराउने, धेरै विकिरण लिने आदि रहेका छन्। विकिरणले क्यान्सरको उपचार गरिन्छ भने त्यही विकिरणले क्यान्सर पनि लाग्न सक्छ। दोस्रो विश्व युद्धमा अमेरिकाले जापानमा बम खसाल्दाको असर अहिलेसम्म देखा परेको छ। त्यहाँ क्यान्सरको प्रकोप बढी छ। नेपालमा वंशाणुगत परीक्षण हुन सकेको छैन। क्यान्सरबाट बच्नका लागि समय समयमा स्क्रिनिङ गर्नै पर्छ। यो हुन सकेको छैन। बिरामी क्यान्सरको तेस्रो या चौथो स्टेजमा पुगिसकेपछि मात्र अस्पताल पुग्ने गर्छन्।

नेपालमा क्यान्सर रोग पछिल्ला वर्ष गम्भीर सार्वजनिक स्वास्थ्य समस्याका रूपमा देखिएको छ। जुन कुरा अस्पतालमा लागेको भिडले देखाउँछ। जीवनशैलीमा आएको परिवर्तन, अस्वस्थ आहार, धूमपान, मद्यपान, प्रदूषण तथा समयमै जाँच नहुनु क्यान्सर बढ्नुका प्रमुख कारण मानिन्छन् तर यति गम्भीर समस्याको सामना गर्न राज्यले अपनाएको नीति भने अझै पनि उपचारमुखीमै सीमित देखिन्छ। प्रदेश सरकारले पनि क्यान्सर पीडितलाई आर्थिक सहयोग प्रदान गरिरहेका छन्, जुन सकारात्मक कदम हो तर क्यान्सर जस्तो दीर्घकालीन र खर्चिलो रोगमा उपचारभन्दा पनि रोकथाम र जनचेतनालाई प्राथमिकता दिनु अझ प्रभावकारी हुन्छ। अहिले क्यान्सर उपचारमा खर्च भइरहेको ठुलो रकममध्ये एक तिहाइ मात्र रकम जनचेतना, प्रारम्भिक परीक्षण र रोकथामका कार्यक्रममा लगानी गर्न सकियो भने धेरै हदसम्म क्यान्सर लाग्नै नदिने अवस्था बनाउन सकिन्थ्यो। विशेष गरी दुर्गमका गाउँबस्तीमा क्यान्सरबारे ज्ञानको अभाव अझै गहिरो छ। क्यान्सरका प्रारम्भिक लक्षण, नियमित स्वास्थ्य परीक्षण आदिबारे पर्याप्त जानकारी नहुँदा रोग ढिलो पत्ता लाग्ने गरेको छ। जब बिरामी अस्पताल पुग्छन्, रोग जटिल अवस्थामा पुगिसकेको हुन्छ। यसले उपचार खर्च मात्र होइन, ज्यान नै जोखिममा पारेको छ।

जनचेतना कार्यक्रम प्रभावकारी बनाउन स्थानीय तह, विद्यालय, स्वास्थ्य चौकी, महिला समूह, युवा क्लब तथा सञ्चार माध्यमलाई सक्रिय रूपमा परिचालन गर्न सकिन्छ। अनलाइन, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल तथा स्थानीय भाषामा तयार गरिएका सूचना सामग्रीमार्फत क्यान्सरबारे जानकारी पुर्‍याउन सकिन्छ। साथै, गाउँ-गाउँमा निःशुल्क स्वास्थ्य परीक्षण शिविर, मुख, पाठेघर, स्तन क्यान्सर जस्ता सामान्य तर घातक क्यान्सरको प्रारम्भिक जाँचलाई नियमित बनाउनु आवश्यक छ।

प्रदेश सरकारले अहिले दिइरहेको आर्थिक सहयोगलाई उपचारमा मात्र सीमित नराखी रोकथाममुखी योजनासँग जोड्न सकिन्छ। उदाहरणका लागि धूमपान तथा सुर्तीजन्य पदार्थ नियन्त्रण, स्वस्थ खानपान प्रवर्धन, खोप कार्यक्रम विस्तार र वातावरणीय प्रदूषण न्यूनीकरण जस्ता काममा लगानी बढाउन सकिन्छ। यस्ता प्रयासले दीर्घकालमा राज्यको स्वास्थ्य खर्च घटाउनुका साथै नागरिकको जीवनस्तर उकास्न मद्दत पुर्‍याउँछ। क्यान्सर नियन्त्रणको दिगो समाधान उपचारमा होइन, समयमै जानकारी, सचेतना र रोकथाम भएमा यस रोगबाट धेरैलाई बचाउन सकिन्छ। अबको आवश्यकता उपचारमुखी सोचबाट बाहिर निस्केर रोकथाम र जनचेतनालाई राष्ट्रिय प्राथमिकतामा राख्नु पर्छ।

विकसित देशमा उपचारमा भन्दा बढी स्क्रिनिङमा ध्यान दिइन्छ, जसले क्यान्सरको पहिचान सुरु अवस्थामै हुन्छ। सुरु अवस्थामा चाल पाउन सके क्यान्सरको पूर्ण उपचार गर्न सकिन्छ। नेपालमा क्यान्सरका बिरामीमध्ये ८० प्रतिशत तेस्रो र चौथो चरणमा मात्र आउने हुँदा उपचार गरेर आयु लम्ब्याउन मात्र सकिन्छ। चौथो चरणको क्यान्सरलाई पूर्ण रूपमा ठिक गर्न सकिन्न। विदेशमा स्वास्थ्य परीक्षण गर्ने समय तालिका दिइएको हुन्छ तर नेपालमा बिरामी भएर उपचार गर्न जाँदा महिनौँसम्म पालो कुर्नुपर्ने बाध्यता छ।

क्यान्सर उपचार तीन तरिकाबाट हुन्छ- एउटा सर्जरीबाट, अर्को विकिरणले सेक्ने रेडियोथेरापीबाट र अर्को किमोथेरापीबाट। यसबाहेक इम्युनोथेरापी पनि छ तर नेपालमा अत्यधिक महँगो पर्छ। धेरै नेपाली इम्युनोथेरापीको पहुँचभन्दा बाहिर छन्। त्यो भारतबाट ल्याइयो भने एक पटक लगाएको पाँच लाख भारतीय रुपियाँसम्म पर्छ। नियमित लगाउनुपर्ने पनि हुन्छ। गोपबाट

# दलीय घोषणापत्रमा रणनीतिक भविष्य



• कृष्णप्रसाद भण्डारी

नेपाल संघीय संसद् निर्वाचन, २०८२ को संघारमा उभिँदा देश केवल अर्को सरकार छान्ने प्रक्रियामा छैन; उसले आगामी दशकहरूमा कुन विकास-मार्ग रोज्ने हो भन्ने गम्भीर निर्णयको सामना गरिरहेको छ। यस्तो घडीमा राजनीतिक दलहरूले प्रस्तुत गर्ने निर्वाचन घोषणापत्रहरू सामान्य राजनीतिक प्रतिबद्धताका कागजात होइनन्, ती मुलुकको आर्थिक, सामाजिक र रणनीतिक भविष्यका नक्सा हुन्। विशेषतः नेपालजस्तो सीमित औद्योगिक आधार तर असाधारण जलस्रोत सम्भावना भएको मुलुकका लागि जलविद्युत् विकास घोषणापत्रको केन्द्रमा रहनु विकल्प होइन, बाध्यता हो।

नेपालको जलविद्युत् इतिहास हेर्दा प्रारम्भिक अग्रता हुँदाहुँदै पनि त्यसको लाभ उठाउन नसकेको यथार्थ देखिन्छ। सन् १९११ मा फर्पिङ जलविद्युत् आयोजना सञ्चालनमा आउँदा नेपाल दक्षिण एसियामै विद्युत् उत्पादन गर्ने प्रारम्भिक मुलुक थियो। तर त्यसपछि लामो समयसम्म जलविद्युत् विकास दरबार-केन्द्रित सोच, सीमित पुँजी, कमजोर प्राविधिक क्षमता र राजनीतिक अस्थिरताका कारण अगाडि बढ्न सकेन।

दशकौंसम्म विद्युत् विकास राज्यको एकाधिकारमा सीमित रह्यो, जहाँ न त पर्याप्त लगानी जुट्न सक्यो, न त दीर्घकालीन योजना बन्न सक्यो। २०४६ सालपछिको राजनीतिक परिवर्तनले निजी क्षेत्रलाई जलविद्युत् क्षेत्रमा प्रवेशको ढोका खोल्यो। यही परिवर्तनले आज देखिने अधिकांश जलविद्युत् आयोजना सम्भव बनाएको हो। तर यो विकास योजनाबद्धभन्दा पनि अवसरवादी रह्यो– जहाँ आयोजना आए, बने; तर ती आयोजनाहरूले कस्तो ऊर्जा प्रणाली बनाइरहेका छन् भन्ने प्रश्न सधैं पछाडि पारियो। परिणामस्वरूप नेपालले उत्पादन क्षमता बढायो, तर ऊर्जा सुरक्षा, प्रणाली सन्तुलन र बजार सुनिश्चिततामा कमजोर रह्यो।

आज नेपाल करिब विद्युत् आत्मनिर्भर अवस्थामा पुगेको भनिए पनि यो आत्मनिर्भरता मौसमी छ। वर्षायाममा बिजुली थुप्रिन्छ, हिउँदमा अभाव हुन्छ। यो समस्या प्राकृतिकमात्र होइन, नीतिगत हो। यसको जडमा जलविद्युत् विकासलाई समग्र ऊर्जा प्रणालीका रूपमा नहेर्ने सोच छ। अत्यधिक रन-अफ-रिभर आयोजना केन्द्रित विकासले हिउँदमा उत्पादन घट्ने संरचनागत कमजोरी जन्माएको छ। जलाशययुक्त र पम्पड स्टोरेज आयोजनालाई महँगो, जटिल वा राजनीतिक रूपमा जोखिमपूर्ण ठानी पन्छाउने प्रवृत्तिले



यो समस्या झन गहिरो बनाएको छ। अबको घोषणापत्रले यो यथार्थ स्वीकार गर्दै, ऊर्जा मिश्रण सन्तुलनलाई राष्ट्रिय प्राथमिकताका रूपमा स्थापित गर्नुपर्छ।

अन्तर्राष्ट्रिय अभ्यासले स्पष्ट देखाएको छ कि दीर्घकालीन ऊर्जा सुरक्षा सुनिश्चित गर्ने मुलुकहरू उत्पादन संख्याभन्दा प्रणाली स्थायित्वमा जोड दिन्छन्। नर्वे, क्यानडा र स्विट्जरल्यान्डले जलाशययुक्त आयोजनालाई आफ्ना ऊर्जा प्रणालीको मेरुदण्ड बनाएका छन्। चीनले जलविद्युत्लाई केवल स्वच्छ ऊर्जा स्रोत होइन, औद्योगिक प्रतिस्पर्धाको आधारका रूपमा उपयोग गरेको छ। भुटानले जलविद्युत् विकासलाई राष्ट्रिय राजस्व, सामाजिक सेवा र कूटनीतिक प्रभावसँग जोडेको छ। यी मुलुकको अनुभवले देखाउँछ– सफल जलविद्युत् नीति राजनीतिक घोषणापत्रमै स्पष्ट, दीर्घकालीन र स्थिर प्रतिबद्धताका रूपमा स्थापित हुन्छ।

नेपालका राजनीतिक दलहरूले अब घोषणापत्रमा 'यति मेगावाट बनाउने' पुरानो भाषाबाट माथि उठ्नैपर्छ। कति उत्पादन गर्नेभन्दा पनि कहिले, कसरी र केका लागि उत्पादन गर्ने भन्ने प्रश्नको जवाफ घोषणापत्रमा हुनुपर्छ। जलविद्युत् विकासलाई औद्योगीकरण, रोजगारी, आयात प्रतिस्थापन र क्षेत्रीय व्यापारसँग कसरी जोड्ने हो भन्ने स्पष्ट दृष्टिबिना घोषणापत्र अर्थहीन हुन्छ।

यस सन्दर्भमा निजी क्षेत्रको भूमिकाबारे घोषणापत्रमा कुनै द्विविधा हुनु हुँदैन। नेपालको जलविद्युत् क्षेत्रमा निजी क्षेत्रले लगानी, जोखिम र प्रविधि तीनै बोकेको छ भन्ने यथार्थ राजनीतिक रूपमा स्वीकार गर्नुपर्छ। विगतमा निजी क्षेत्रलाई कहिले राष्ट्रनिर्माता, कहिले नाफाखोरका रूपमा चित्रित गर्ने परस्परविरोधी राजनीतिक भाषाले लगानी वातावरण कमजोर बनाएको छ। अन्तर्राष्ट्रिय अभ्यासले देखाउँछ– राज्यको भूमिका नीति, नियमन र दीर्घकालीन सुनिश्चिततामा केन्द्रित हुन्छ; निजी क्षेत्रको भूमिका कार्यान्वयन र जोखिम व्यवस्थापनमा। घोषणापत्रले नीति स्थायित्व, सम्झौताको सम्मान र पूर्वानुमेय निर्णय प्रणालीको स्पष्ट प्रत्याभूति नगरेसम्म जलविद्युत् क्षेत्रमा दीर्घकालीन लगानी सम्भव हुँदैन।

नेपालको जलविद्युत् विकास अवरुद्ध हुनुको अर्को प्रमुख कारण प्रसारण तथा वितरण संरचनाको कमजोरी हो। उत्पादन क्षमतामा उल्लेखनीय वृद्धि भए पनि प्रसारण लाइन विस्तार त्यसअनुसार हुन सकेको छैन। यसले ऊर्जा 'उत्पादन भएर पनि प्रयोग नहुने' अवस्थालाई जन्माएको छ। अन्तर ाष्ट्रिय अभ्यासमा प्रसारण लाइनलाई राष्ट्रिय रणनीतिक पूर्वाधारका रूपमा कानुनी सुरक्षा दिइन्छ। नेपालका घोषणापत्रहरूले पनि प्रसारण करिडोरलाई राजनीतिक विवाद, स्थानीय स्वार्थ र प्रशासनिक ढिलाइभन्दा माथि राख्ने स्पष्ट प्रतिबद्धता जनाउनुपर्छ। उत्तर-दक्षिण र पूर्व-पश्चिम प्रसारण करिडोर बिना न त आन्तरिक सन्तुलन सम्भव छ, न त क्षेत्रीय व्यापार।

विद्युत् व्यापार नेपालको जलविद्युत् रणनीतिको केन्द्रीय अंग हुनैपर्छ। नेपाल सानो घरेलु बजार भएको मुलुक भएकाले दीर्घकालीन रूपमा ठूला जलविद्युत् आयोजना निर्यात बिना दिगो हुन सक्दैनन्। अन्तर्राष्ट्रिय अभ्यासले देखाउँछ कि सफल ऊर्जा निर्यातक मुलुकहरूले व्यापारलाई केवल प्राविधिक विषय होइन, कूटनीतिक प्राथमिकता बनाएका छन्। नेपालका घोषणापत्रहरूले पनि भारत र बंगलादेशसँगको विद्युत् व्यापारलाई अस्थायी सम्झौतामा सीमित नगरी दीर्घकालीन, संस्थागत र बजार-आधारित संरचनामा लैजाने स्पष्ट दृष्टि प्रस्तुत गर्नुपर्छ। विद्युत् व्यापार राज्यको निरन्तर नीति हो, सरकार परिवर्तनसँगै बदलिने नीति होइन भन्ने सन्देश घोषणापत्रमै जानु आवश्यक छ।

घरेलु बजारतर्फ हेर्दा पनि जलविद्युत् विकासको वास्तविक अर्थ तबमात्र देखिन्छ, जब बिजुली आर्थिक गतिविधिमा रूपान्तरण हुन्छ। जलविद्युत् विकास सामाजिक स्वीकृति बिना सम्भव छैन। विगतमा स्थानीय लाभ सुनिश्चित नगर्दा धेरै आयोजना विरोध र विवादमा परे। अन्तर्राष्ट्रिय अभ्यासले स्थानीय समुदायलाई परियोजनाको साझेदार बनाउँछ– सेयर स्वामित्व, रोजगारी, पूर्वाधार र सेवा विस्तारमार्फत। नेपालको घोषणापत्रले पनि स्थानीय लाभ-साझेदारीलाई परियोजनाको अनिवार्य अंगका रूपमा परिभाषित गर्नुपर्छ। वातावरणीय मूल्यांकनलाई विकास अवरोध होइन, विश्वास निर्माणको उपकरण बनाउने राजनीतिक इच्छाशक्ति देखिनुपर्छ।


सबैभन्दा गहिरो तर प्रायः उपेक्षित पक्ष भनेको सुशासन र संस्थागत सुधार हो। नेपालको जलविद्युत् क्षेत्रमा समस्या प्रविधिको होइन, निर्णय प्रक्रियाको हो। ढिलासुस्ती, डिस्क्रेसनरी पावर, फाइल संस्कृति र उत्तरदायित्वहीनताले परियोजना महँगो, अनिश्चित र जोखिमपूर्ण बनाइरहेका छन्। घोषणापत्रले नियामक संस्थाको स्वतन्त्रता, पारदर्शी निर्णय प्रक्रिया र समयबद्ध कार्यान्वयन सुनिश्चित गर्ने स्पष्ट प्रतिबद्धता जनाउनुपर्छ। नेपाल विद्युत् प्राधिकरणलगायत संस्थाहरूलाई व्यावसायिक, उत्तरदायी र राजनीतिक हस्तक्षेपबाट मुक्त बनाउने प्रतिबद्धता बिना जलविद्युत् क्षेत्र विश्वसनीय बन्न सक्दैन। निर्वाचन भए पनि नभए पनि अबको पुस्ताले बतासे घोषणापत्रलाई विश्वास गर्ने छैनन्। समय तालिका अनुरुप परिणाम आउनेगरी राष्ट्रिय संकल्प तयार हुनु समयको माग पनि यही हो।

जलविद्युत् पूर्वाधार र निजीकरण : २०४६ सालको परिवर्तनपश्चात् नेपाली कांग्रेसको नेतृत्वमा बनेको सरकारले विद्युत् ऐन, २०४९ जारी गर्‍यो। त्यसकै अनुसरणबाट निजी क्षेत्रलाई लगानी गर्ने बाटो खुलेको हो। त्यही घोषणाको सिलसिला थियो। खुला र उदारनीति अनुरूप पञ्चायतकालमा स्थापना भएका विभिन्न औद्योगिक कलकारखाना निजीकरणको सुरुवात पनि कांग्रेसकै सरकारले गर्‍यो। तर निजीकरणको दोष कांग्रेसलाई अन्य दलले लगाउँदै आएका छन्। तर त्यो दोष थिएन। बरु भएका कलकारखानालाई स्तरोन्नति गरी थप रोजगारी सिर्जना गर्ने गरी निजी क्षेत्रलाई अनिवार्य गर्नुपर्ने थियो। त्यो हुन नसकेर छिन्नभिन्न भए।

त्यसबेला सबैजसो कलकारखानाहरू घाटामा गएका थिए। घाटामा गएका कारणले गर्दा निजीकरण गर्ने २०४८ सालमा र विश्व बैंकको परामर्शमा निजीकरण इकाइ नै अर्थ मन्त्रालयमा बसेको थियो। त्यही जगमा रहेर विद्युत् ऐनमा निजी क्षेत्रलाई आमन्त्रण गर्न दबाब पारियो। जलविद्युत्, सडक (टोल हाइवे), शिक्षा, स्वास्थ्य, पर्यटन क्षेत्रमा निजी क्षेत्रको लागि लगानी हुँदै गएका पनि छन्। यस्ता विषयमा पनि घोषणापत्रले समेट्नुपर्ने देखिन्छ।

अन्ततः, संघीय संसद् निर्वाचन, २०८२ का घोषणापत्रहरूमा जलविद्युत् विकास कसरी प्रस्तुत हुन्छ भन्ने कुराले नेपालको विकासको दिशा र गति निर्धारण गर्नेछ। इतिहासबाट सिकेर, अन्तर्राष्ट्रिय अभ्यास आत्मसात् गरेर र नेपालको यथार्थसँग इमानदारीपूर्वक जुँधेर तयार गरिएका घोषणापत्र मात्र राष्ट्रको भविष्यप्रति जिम्मेवार दस्तावेज बन्न सक्छन्। जलविद्युत् विषयमा गम्भीरता देखाउनु भनेको देशको भविष्यप्रति राजनीतिक जिम्मेवारी लिनु हो।

# कोशी प्रदेशमा निर्वाचन सुरक्षाको लागि सेना परिचालन








# पुरानाहरूबीच चुनावी तालमेलको कसरत

काठमाडौँ । निर्वाचन मिति नजिकिँदै गर्दा फेरि पुराना दलहरूबीच छलफल र संवाद बाक्लिएको छ।

विघटित प्रतिनिधिसभाका प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी (जसपा) नेपालका शीर्ष नेताहरूबीच औपचारिक अनौपचारिक संवाद भइरहेको हो।

एक्लाएक्लै लड्ने गरी उम्मेदवारी दिए पनि पछिल्लो समय चुनावी तालमेल गरेर जाने गरी नेताहरूबीच छलफल भइरहेको छ।

स्रोतका अनुसार आइतवार साँझ एमाले अध्यक्ष केपी ओली, नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाबीच भेटवार्ता भएको थियो। त्यसअघि पनि उनीहरूबीच टेलिफोन संवादहरू हुँदै आएका थिए।

'नेताहरूबीच निरन्तरजसो टेलिफोन संवाद त हुँदै आएको थियो। आइतवार साँझ चाहिँ भेटेरै कुराकानी भयो', स्रोतले भन्यो, 'चुनावी तलमेलकै विषयमा छलफल चाहिँ भयो। खासगरी एमालेबाट आएको प्रस्तावमा छलफल केन्द्रित थियो।'

एमाले अध्यक्ष ओलीले नेकपासँग चुनावी तालमेल गरेर जाने प्रस्ताव गरिसकेका छन्। वर्तमान रानजीति 'पुराना भर्सेस नयाँ' ढंगले अघि बढेका वेला पुरानाहरूबीच तालमेलका विषयमा छलफल भएको हो।

नेकपाका नेता प्रकाश ज्वालाले पनि नेताहरूबीचको भेटवार्ता विषय बुझ्न अहिले कठिन भएको भन्दै चुनावकै विषयमा छलफल भएको बताए।

'अब अहिले नेताहरूबीचको भेटका विषय त सजिलै गरी अनुमान गर्न सक्छौँ निर्वाचन हो', उनले भने, ' अब तालमेलको सन्दर्भमा एमाले अध्यक्षले सकेसम्म सबै सिटमा नभए केही सिटमा तालमेल गरौँ भन्ने प्रस्ताव ल्याउनुभएको छ। छलफल भइरहेको छ।'

एमाले अध्यक्षबाट प्रस्ताव आए पनि नेकपा भने एक्लै लड्न चाहेको नेता ज्वाला बताउँछन्।

चुनावी तालमेलको पक्षमा उभिँदै आएका एमाले उपमहासचिव लेखराज भट्ट पनि अहिलेसम्म कुनै निर्णयमा नपुगिएको बताउँछन्। नेताहरूको भेटबारे अनविज्ञता प्रकट गरेका उनले चुनावी तालमेलको सम्भावना भने नकारेनन्।

'अहिले म कैलालीको रिमोर्ट एरियामा छु। नेताहरूबीच के विषयमा कुराकानी भयो मलाई थाहा छैन', पुराना दलबीचको चुनावी गठबन्धनबारे होला', उनले भने, 'यसबारे त अहिल्यै भन्न सकिन्न तर अब हेर्दै जाउँ के हुन्छ।'

नेपाली कांग्रेसका नेता प्रकाशशरण महत अहिलेसम्म एक्लै लड्ने भने पनि अन्तिमसम्म फरक निर्णय हुनसक्ने संकेत गर्छन्। यद्यपि, उनी अहिले इतर समूहका नेता हुन्। विशेष महाधिवेशनबाट गगन थापा सभापति बनेपछि शेरबहादुर देउवा निकट उनी इतर बन्न पुगेका हुन्।

नेतृत्वसँगै आसन्न चुनावका लागि टिकट गुमाएका देउवा भने कार्यकारी भूमिकामा नभए पनि अन्य दलका शीर्ष नेताहरूसँगको छलफलमा सहभागी भएका हुन्। यद्यपि यसबारे भने नेताहरू खुलाउन चाहँदैनन्।



पुरानाहरूबीच तालमेलका लागि तयार रहेको अर्को दल जसपा नेपाल हो। यसका अध्यक्ष उपेन्द्र यादवसँग पनि ओली-प्रचण्ड संवादमा छन्। यद्यपि, यसबारे जानकारी भने नभएको जसपा नेता मनिष सुमन बताउँछन्।

'हाम्रो पार्टी अध्यक्ष एक हप्तादेखि सप्तरीमा हुनुहुन्छ, त्यसकारण शीर्ष नेताहरूसँग कुराकानी भइरहेको छ/छैन थाहा छैन',उनले भने, 'तर चुनावी तालमेलको सम्भावना सधैँ छ।'

शीर्ष तहमा सहकार्यका लागि संवाद भइरहेकोप्रति युवा नेताहरूले भने विमति जनाएका छन्।

खासगरी नेकपाका युवा नेताहरूले संसद पुनर्स्थापनाको एजेन्डा लिएर हिँड्ने र जेनजी आन्दोलन स्वीकार नगर्ने शक्तिसँग सहकार्य गर्न नहुने मत राखेका छन्।

नेकपाका केन्द्रीय सदस्य तथा भक्तपुर २ बाट प्रत्यक्षका उम्मेदवार बनेका रामप्रसाद सापकोटा 'दिपशिखा'ले सहकार्यका लागि भइरहेको छलफलप्रति आपत्ति जनाएका छन्। उनले भनेका छन्, 'तिनी (ओली)सँग सहकार्य त के, बोलचाल गर्नु पनि गल्ती हुन्छ।'

अर्का केन्द्रीय सदस्य वासिम आलमले पनि एमालेसँगको सहकार्य स्वीकार्य नहुने बताएका छन्। उनले भनेका छन्, 'देश निर्वाचनमा होमिएको बेलामा पनि संसद पुनर्स्थापना भन्दै हिँड्ने, जेन्जी आन्दोलनलाई स्विकार नगर्ने, जनताका एजेन्डाभन्दा शक्ति र सत्तामा लिप्त हुने अहङ्कारी र दम्भी व्यक्तिसँग सहकार्य गर्नु भनेको सरासर जनविरोधी र देश विरोधी कार्य हो।'

तालमेलको बहानामा पार्टीका कुनै पनि उम्मेदवारलाई सहिद बनाउने काम गर्न नहुने नेता आलमको मत छ। 'तालमेलको बहानामा पार्टीका कुनै पनि उमेदवारलाई सहिद बनाउने काम किमार्थ स्विकार छैन र हुँदैन। यो कुरामा कसैले बहकिन जरुरी छैन', उनले भनेका छन्, 'अहङ्कारीसँग मिल्नुभन्दा सकिन तयार छौँ।'

नेकपाकै युवा नेता तथा झापा ५ मा ओलीसँग भिड्न चुनावी मैदानमा उत्रिएका रञ्जित तामाङले पनि कसैसँग तालमेल गर्न नचाहेको बताएका छन्। भिडियो सन्देशमार्फत उनले पार्टी संयाजक प्रचण्डसँग नै कुरा गर्दा कसैसँग तालमेल नगर्ने पक्का भएको जिकिरसमेत गरेका छन्।

'विशेष समयमा चुनाव हुँदैछ, यो चुनावको सरगर्मी बढ्दै जाँदा कसको कोसँग तालमेल, कसको कति शक्ति, को कति लोकप्रिय अथवा कसलाई किन भोट हाल्ने भन्ने कुराहरू व्यापक बहसमा छ', उनले भनेका छन्, 'मैले हाम्रो पार्टीको संयोजक प्रचण्डसँग नै कुरा गरेको छु र उहाँको भनाइ अनुसार नै अहिले हाम्रो यो चुनावमा कोहीसँग तालमेल हुँदैन। हामी कोहीसँग अहिले चुनावी तालमेल गर्न चाहँदैनौँ।'

नेकपा संयोजक प्रचण्डले नै नेताहरूबीच संवाद भइरहेको पुष्टि

# क्षेत्र नम्बर १ मा एमालेको सम्पर्क कार्यालय खोलिदै

मेचीनगर । आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनमा झापा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को मेचीनगर नगरपालिका ८ र ९ नम्वर वडामा एमालेका उम्मेदवारहरूलाई विजय गराउन मंगलबार दुईवटासम्पर्क कार्यालय उद्घाटन भएको छ ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) ८ र ९ नम्बर वडा कमिटीले आयोजना गरेको दुई अलग अलग कार्यक्रमकाबीच निर्वाचन परिचालन कमिटी संयोजक, पार्टीका निवर्तमान केन्द्रीय सदस्य एवम् संविधान सभा सदस्य रविन कोइरालाले कार्यालयको उद्घाटन गरेका थिए ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) ८ नम्वर वडा कमिटीले आयोजना गरेको कार्यक्रममा प्रत्यक्षतर्फका उम्मेद्वार रामचन्द्र उप्रेती, समानुपातिकतर्फका उम्मेदवार लता प्रसाईंसहित निर्वाचन परिचालन कमिटी संयोजक रविन कोइराला,पार्टीका कोशी प्रदेश सदस्यहरू देवकुमार राईसहित जिल्ला, क्षेत्रीय, नगरस्तरका नेता कार्यकर्ता र जनवर्गीय संगठनका प्रमुख प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यालय मेचीनगर -८ को प्रतिभा चोकमा रहेको पार्टीका सल्लाहकार परिषद सदस्य चित्रकुमार धिमालले बताए । पार्टीका वडा कमिटी अध्यक्ष मिलन विकले कार्यक्रमको अध्यक्षता गर्दै स्वागतसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए । विस्तारित वैठकको सहजीकरण सचिव रेवन्त अर्जुन पोखेलले गरेको नेपाल कम्युनिस्ट पार्टी (एमाले) कानून विभाग भापा जिल्ला कमिटी सदस्य कुन्दन निरौलाले



जानकारी दिए ।

निरौलाका अनुसार सोहि अवसरमा द्रोणप्रसाद खनाल संयोजक र लालबहादुर थामी सहसंयोजक रहेको २५१ सदस्यीय वडा निर्वाचन परिचालन कमिटी, विकेन्द्रकुमार धिमाल संयोजक रहेको सात सदस्यीय अनुगमन कमिटी , सन्तोष मेचे संयोजक रहेको आर्थिक कमिटी साथै अग्निप्रसाद घिमिरे संयोजक रहेको १५ सदस्यीय मत सर्वेक्षण कमिटी गठन भएको छ ।

कार्यक्रममा नेपाली काँग्रेस परित्याग गरि खगेन्द्र पुरी औपचारिकरूपमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) प्रवेश गरेका छन् । प्रमुख अतिथि पार्टीका पूर्व केन्द्रीय सदस्य रविन कोइरालासहित दुवैजना उम्मेद्वारले उनलाई अविर टीका र खादा पहिऱ्याएर पार्टी प्रवेश गराएका थिए । उद्घाटनमा प्रमुख अतिथि कोइराला, प्रत्यक्षतर्फका उम्मेद्वार रामचन्द्र उप्रेती, समानुपातिकतर्फका उम्मेद्वार लता प्रसाई नेपाल कम्युनिस्ट पार्टी (एमाले) मेचीनगरका अध्यक्ष राजु कार्कीलगायतले बोलेका थिए ।

यसैगरी, नेपाल कम्युनिस्ट पार्टी (एमाले)- ९ नम्वर वडा कमिटीले आयोजना गरेको कार्यक्रममा खुट्टीडाँगीमा कार्यालयको उद्घाटन गरिएको थियो ।

वडा कमिटी अध्यक्ष राजन खड्काको अध्यक्षतामा पार्टीका कोशी प्रदेश कमिटी सदस्य गोपालचन्द्र बुढाथोकी, प्रत्यक्षतर्फका उम्मेद्वार रामचन्द्र उप्रेती, समानुपातिकतर्फका उम्मेद्वार लता प्रसाईलगायतले बोलेको कार्यक्रममा कलाकारहरुले गीत प्रस्तुत गरेका थिए ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले) मेचीनगर कमिटीका उपसचिव राजु धिमालले सञ्चालन गरेको कार्यक्रममा सहभागी सवैलाई नेपाल कम्युनिस्ट पार्टी (एमाले) मेचीनगर - ९ नम्बर वडा कमिटीका सहसचिव हिमा कट्टेलले शब्दमार्फत स्वागत गरेकी थिइन् ।

यसअघि झापाको मेचीनगरको ११, १२, १३, र १५ बुद्धशान्ति गाउँपालिका विभिन्न वडासहित भद्रपुर नगपालिकाको ९ र १० नम्बर वडामा कार्यकर्ता भेटघाटसहित विभिन्न समिति गठन भइसकेको पार्टीले जनाएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ